## पाठ - 3
الدرس الثالث - نيبالي

## अन्तिम सन्देष्टा महम्मद ﷺ
النبى محمد ﷺ

अल्लाहले मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमलाई अन्तिम सन्देष्टा बनाएर पठाउनु भयो र उहाँको उपदेश लाई विश्वव्यापी र अन्तिम उपदेश बनाउनु भयो अल्लाहले उहाँलाई पठाउनु भयो ताकि उनी एक अल्लाहको उपासना र अराधना तर्फ बोलाउन र राम्रो मार्ग तिर मार्गदर्शन गरुन र मूर्ति र अन्य वस्तुहरु को पुजा बाट रोकुन,

मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम जब चालीस वर्षका भए तब अल्लाहले उहाँलाई नबी बनाउनु भयो यस भन्दा पहिले सानै देखी नै आफ्नो समुदायमा र सम्पूर्ण मनुष्यजातीमा उहाँ महान सदाचारी हुनु हुन्थ्यो र उहाँको सर्वोच्च गुण र राम्रो चरित्रको बखान धेरै हुन्थ्यो यहाँ सम्म कि उहाँ सच्चा सदाचारी र प्रतिष्ठित व्यक्तिको रुपमा प्रसिद्ध हुनु भयो र मानिसहरुले उहाँलाई अमीन (निष्ठावान, ईमानदार) भनेर पुकार्न थाले

उहाँ उम्मी (निरक्षर) हुनुहुन्थ्यो कसै मानिसहरुसंग पढ्न र लेख्न सिख्नु भएन् अल्लाह तआलाले उहाँ माथी आफ्नो पवित्र ग्रन्थ कुरआन करीम लाई वह्य वाणी को मार्फत अवतरित गर्नु भयो र सम्पुर्ण मानव र दानवलाई यो चुनौती दिनुभयो कि यस कुरआन जस्तै वा मात्र त्यसको केही भाग तिमीहरुले प्रसतुत गरौ तर कसैले पनि यस चुनौतीलाई स्वीकार गर्न सकेन ।

## इस्लाम धर्मको जग

**(१) अल्लाह माथी विशवास :** ईमानको सबै भन्दा मूल आधार यही हो, अल्लाह प्रति ईमानको अर्थ यो हुन्छ कि सत्य हृदय बाट अल्लाहको अस्तित्वलाई मान्नु र यो विशवास राख्नु की अल्लाहले नै हरेक वस्तुहरु को सृष्टि र सृजना गरेका छन् र उही नै हरेक जीव जन्तुको पालनकर्ता र स्वामी हुन र सबै संसारलाई योजनाबद्ध रुपले चलाइरहेका छन त्यसै कारणले अल्लाह नै सत्य पूज्य र वास्तविक उपास्य हुन उहाँ बाहेक अरु कोही पनि सत्य उपास्य छैन उहाँको सबै गुण र विशेषताहरु महान छन र उनी हरेक दोष र अभाव बाट पवित्र र सफा छन कुनै सृष्टिको समान छैनन्

**(२) मलाइका (देवदुतहरु) माथी विशवास :** देवदुतहरु एउटा अदृश्य प्राणी हुन अल्लाहले उनिहरुलाई मात्र आफ्नो उपासना र आज्ञा पालनको लागी सृष्टि गर्नु भएको छ तिनीहरु अल्लहको आज्ञाको उल्लंघन कहिल्यै पनि गर्दैनन् र त्यसै गरि अल्लाहको गुण र विशेषताहरुमा तिनीहरुको सहभागीता पनि हुदैन अल्लाहले आफ्नो आज्ञापालनको लागी उनीहरु लाई पूर्ण रुपले व्यवस्थित गर्नु भएको छ र त्यस लाई लागु र कार्यान्वयन गर्नको लागी क्षमता प्रदान गर्नु भएको छ मुस्लिमहरु तिनीहरु प्रति ईमान राख्दछन । तिनीहरु लाई अल्लाहले प्रकाश बाट सृष्टि गर्नु भएको छ र तिनीहरुको संख्या धेरै छ त्यसको गणना मात्र अल्लाह लाई थाहा छ

**(३) आकाशीय किताब (ग्रन्थहरु) माथी विशवास :** मुस्लिम मानिसहरुलाई यो पनि विशवास राख्नु पर्दछ कि अल्लाह तआलाले इस्लाम र सत्य मार्गको वास्तविक्तालाई प्रष्ट पार्न र त्यसको प्रचार प्रसारको लागी पैगम्बर र सन्देष्टाहरु माथी ग्रन्थहरु अवतरित गर्नु भएको छ जस्तै कि तौरात हजरत मुसा अलैहिस्सलाम र इन्जील (बाइबल) हजरत ईसा अलैहिस्सलाम र जबूर हजरत दाऊद अलैहिस्सलाम माथी अवतरण गर्नु भएको छ त्यसै गरि एउटा सदाचारी मान्छेले यो पनि विशवास राख्दछ कि कुरआन लाई अल्लाहले हाम्रो अन्तिम सन्देष्टा हजरत मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम माथी अवतरित गर्नु भएको छ ।

**कुरआन :** अल्लाहले कुरआनलाई अन्तिम ग्रन्थ र सन्देशको रुपमा मानवहरु लाई प्रदान गर्नु भएको छ त्यसैले यस बाहेक अरु कुनै पनि धर्म र कर्म लाई अल्लाहले कहिल्यै पनि स्वीकार गर्दैनन् र यो कुरआन पहिलाका सबै किताबहरुको सत्यतालाई प्रमाणित गर्छ र ती सबै को संरक्षक पनि हो र यो किताब ती सबैमा महान र सर्वश्रेष्ठ छ किन कि यसको सुरक्षाको जिम्मेवारी स्वयं अल्लाहले लिनु भएको छ यसमा केहि हेरफेर र परिवर्तन हुन सक्दैन, र यस बाहेक अरु सबै पुस्तकहरुमा हेरफेर र परिवर्तन भई सकेको छ किन भने कि अल्लाहले कुरआन जस्तै ती किताकहरुको सुरक्षाको जिम्मेवारी लिनु भएको छैन र केही परिवर्तन भएको धर्म कहिल्यै पनि सत्य हुदैन ।

**(४) सन्देष्टाहरु माथि विशवास :** एउटा मुस्लिम मान्छेलाई यस माथि पनि ईमान राख्नु पर्दछ कि सम्पूर्ण मानव जातिको मार्गदर्शनको लागी अल्लाहले धेरै सन्देष्टाहरु पठाउनु भएको छ ताकि सम्पूर्ण मनुष्यहरु एउटै अल्लाहको उपासना र अराधना गरुन् र त्यस बाहेक अरु सबै विपरित र कानुनको उल्लघंन गर्ने वाला कुराहरु लाई तयागुन् ।सबै सन्देष्टाहरु मानव थिए उनीहरुलाई अल्लाहले सृष्टि गर्नु भएको छ र साथै यो पनि विश्वास राख्नु पर्दछ कि पालनकर्ता र सृष्टिकर्ताको साथमा उनीहरुलाई केहि हक अधिकार छैन, उनीहरुलाई पनि खाना पानीको आवश्यक्ता पर्छ र उनीहरु बिरामी हुन्छन र मृत्यु पनि आउँछ। तर रसूल र पैगम्बरहरु मानवजातिमा सबै भन्दा उत्तम र महान हुन्छन् उनीहरुलाई अल्लाहले छनौट गरेका छन र आफ्नो सन्देश र उपदेशको प्रचार प्रसारको लागी उनीहरुलाई चुन्नु भएका छन्

उनीहरुमाथि हामीहरुलाई आस्था र विश्वास राख्नु पर्छ कि उनीहरु सच्चा र अल्लाहको तर्फ बाट पठाइएका थिए ।

र हजरत मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमले ल्याएको शरीअत र कानुन अनुसार हामीलाई कर्म गर्नु पर्छ किनभने कि अल्लाहले यस बाहेक अरु कुनै धर्मलाई कहिल्यै पनि स्वीकार गर्दैन ।

**(५) प्रलयको दिन माथी विशवास :** यो प्रतिफलको दिन हो जुन दिनमा अल्लाहले सबै मनुष्यहरुलाई हिसाब किताब र बदला दिनको लागी जम्मा गर्ने छन् त्यसलाई प्रलोकको दिन वा अन्तिम दिन भनिन्छ किन कि त्यस पछि कुनै दिन हुदैन स्वर्गीयहरु आफ्नो ठाउँ स्वर्गमा बसोबास गरिहाल्छन र नरकीयहरु नरकमा पुगी हाल्छन र सदा सदाका लागी त्यसैमा रहने छन ।

**(६) किस्मत र भाग्यमाथी ईमान :** भन्नाले यो ईमान राख्नु कि अल्लाहलाई भुतकाल वर्तमानकाल र भविष्यकालका सबै कुराहरु थाहा छ हरेक कुरा अल्लाहको इच्छा अनुसार हुन्छ यदि त्यो चाहन्छ भने हुन्छ अनि जुनकुरा चाहदैन भने त्यो हुदैन यस संसारमा कुनै पनि घटना अल्लाहको ज्ञान र चाहना बिना घट्दैन ।